# प्राकृतिक स्रोत संरक्षण तथा व्यवस्थापन ऐन, २०७५

प्रमाणीकरण मिति : २०७५/१०/०६

**प्रस्तावनाः** नेपालको संविधान बमोजिम स्थानीय तहको अधिकार सम्बन्धि व्यवस्था कार्यान्वयन गर्न तथा स्थानीय प्राकृतिक स्रोतको संरक्षण र परिचालन गर्दै जनताको दैनिक आवश्यकता परिपुर्ती गरी स्रोतको दिगो व्यवस्थापन गर्न बान्छनीय भएकाले, नेपालको संबिधानको धारा २२१ को उपधारा (२) बमोजिम माछापुच्छ्रे गाउँपालिकाको गाउँसभा बाट यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "प्राकृतिक स्रोत संरक्षण, तथा व्यवस्थापन ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा र व्याख्या :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा, यस ऐनमा,-

क) "प्राकृतिक स्रोत" भन्नाले ढुङ्गा, माटो, गिटी, वालुवा, पानी, बनजन्य तथा नदी जन्य वस्तु सम्झनु पर्छ ।

ख) "संरक्षण" भन्नाले उपलब्ध प्राकृतिक स्रोत र साधनको दिगो उपयोग सहितको संरक्षण सम्झनु पर्छ ।

ग) "लाभदायक उपयोग" भन्नाले उपलब्ध प्राकृतिक स्रोतको उचित रुपले गरिएको उपयोग सम्झनुपर्छ ।

घ) "अनुमती प्राप्त व्यक्ति" भन्नाले प्राकृतिक स्रोतको उपयोग गर्ने अनुमती पत्र प्राप्त व्यक्ति वा संगठीत संस्था सम्झनुपर्छ ।

ङ) "उपभोक्ता संस्था" भन्नाले तोकिए बमोजिमको संस्था सम्झनु पर्छ ।

च) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

३. **"प्राकृतिक स्रोतको स्वामित्व"** माछापुच्छ्रे गाउँपालिका अन्तर्गत सार्वजनिक क्षेत्रमा रहेको प्राकृतिक स्रोतको स्वामित्व माछापुच्छ्रे गाउँपालिकामा निहित रहने छ ।

४. **प्राकृतिक स्रोतको उपयोग :** (१) यस ऐन बमोजिम अनुमती प्राप्त नगरी कसैले पनि प्राकृतिक स्रोतको उपयोग गर्न पाउने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहाय बमोजिम प्राकृतिक स्रोतको उपयोग गर्न अनुमती पत्र लिनुपर्ने छैन ।

(क) निजी प्रयोजनको लागि व्यक्तिगत स्वामित्वको जमिनमा रहेको वनजन्य स्रोत बाहेक अन्य स्रोतको उपभोग गर्न ।

(३) प्राकृतिक स्रोतको उपयोग गर्ने व्यक्ति वा संगठित संस्थाले अरुलाइ मर्का नपर्ने गरी लाभदायीक उपयोग गर्नु पर्नेछ ।

५. **प्राकृतिक स्रोत उपभोक्ता संस्थाको गठनः** (१) सामुहिक लाभका लागि संस्थागत रुपमा प्राकृतिक स्रोतको उपभोग गर्न चाहने व्यक्तिहरुले तोकिए बमोजिम प्राकृतिक स्रोत उपभोक्ता संस्था गठन गर्न सक्नेछन ।

(२) उपदफा १) बमोजिम गठन गरिएको प्राकृतिक स्रोत उपभोक्ता संस्थालाई गाउँपालिका समक्ष तोकिए बमोजिम दर्ता गराउनु पर्नेछ ।

६. **उपभोक्ता संस्था संगठित संस्था हुने :** (१) उपभोक्ता संस्था अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ ।

(२) उपभोक्ता संस्थाको सबै काम कारवाहीको निमित्त आफ्नो छुट्टै छाप हुनेछ ।

(३) उपभोक्ता संस्थाले व्यक्ति सरह चलअचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न, वा अन्य किसिमले व्यवस्था गर्न सक्नेछ । उपभोक्ता संस्थाले व्यक्ति सरह नालेस उजुर गर्न र उपभोक्ता संस्था उपर पनि सोहि नामबाट नालेस उजुर लाग्न सक्नेछ ।

(४) उपभोक्ता संस्थाले प्राकृतिक स्रोतको उपयोग गर्दा अपनाउनु पर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ ।

७. **अनुमती पत्रको व्यवस्थाः** (१) प्राकृतिक स्रोतको सर्भेक्षण वा उपयोग गर्न चाहने व्यक्ति वा संस्थाले सम्बन्धित विषयको आर्थिक, प्राविधिक र वातावरणिय अध्ययन प्रतिवेदन तथा तोकिए बमोजिमका विवरणहरु खुलाइ गाउँपालिका समक्ष अनुमती पत्रका लागि दर्खास्त दिनु पर्नेछ ।

तर जलस्रोतको सर्वेक्षणको अनुमती पत्रको लागि दर्खास्त दिंदा त्यस्तो अध्ययन प्रतिवेदन संलग्न गर्न आवश्यक पर्नेछैन (२) गाउँपालिकाले आवश्यक देखेमा गाउँपालिका भित्र रहेका प्राकृतिक स्रोतको मापदण्ड अनुसार वातावरणिय परिक्षण गर्न लगाउन सक्नेछ ।

(२) यो ऐन प्रारम्भ हुनु भन्दा अगावै देखि प्राकृतिक स्रोतको उपयोग गरिरहेको व्यक्ति वा संगठित संस्थाले पनि तोकिएको विवरण सहित यो ऐन प्रारम्भ भएको मितिले एक वर्ष भित्र गाउँपालिका समक्ष अनुमती पत्रका लागि दर्खास्त दिनु पर्नेछ ।

(२) आफ्नो वडा भित्रका विद्यालयहरुमा सबै बालबालिकाहरुको गुणस्तरीय शिक्षासम्मको समतामूलक पहुँच सुनिश्चित गर्ने,

(३) वडा शिक्षा योजना निर्माण गरी शिक्षा शाखा मार्फत नगर कार्यपालिकामा पेश गर्ने,

(४) निशुल्क र अनिवार्य आधारभूत शिक्षाको लागि विद्यालयलाई तथ्यांक संकलन गर्न लगाई विद्यालयलाई जिम्मेवार वनाउने,

(५) विद्यालयमा नगर कार्यपालिकाले तय गरेका कार्यक्रम कार्यान्वयन अवस्थाको अनुगमन गरी प्रभावकारी कार्यान्वयनका लागि विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, प्र.अ. तथा शिक्षकहरुलाई सहजिकरण गर्ने,

(६) कार्यपालिकाले तोकेका अन्य कार्य गर्ने,

(७) समितिको वैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

१०७. विद्यालय अनुगमन समितिको गठन, काम, कर्तव्य र अधिकार : (१) गाउँपालिका स्थित विद्यालयहरुको अनुगमन गर्न देहाय अनुसारको एक विद्यालय अनुगमन समिति रहनेछ ।

(क) गाउँ शिक्षा समितिका अध्यक्ष वा निजले तोकेको सो समितिका सदस्य - अध्यक्ष

(ख) जनप्रतिनिधिहरु मध्येबाट गाउँ कार्यपालिकाले मनोनित एक जना महिलासहित तीन जना -सदस्य

(ग) गाउँ शिक्षा समितिका सदस्यहरुमध्ये अध्यक्षले तोकेका दुई जना - सदस्य

(घ) स्रोतव्यक्तिहरुमध्ये गाउँ शिक्षा अधिकारीले तोकेको एक जना - सदस्य

(ङ) शिक्षक महासंघको गाउँपालिका समन्वय समितिको अध्यक्ष वा निजले तोकेको सदस्य - सदस्य

(च) गाउँ शिक्षा अधिकारी - सदस्य सचिव

(२) विद्यालय अनुगमन समितिको कार्यकाल दुई वर्षको हुनेछ ।

(३) अनुगमन समितिको वैठक कम्तिमा तीन महिनामा एक पटक वस्नुपर्नेछ ।

(४) गाउँपालिका स्थित विद्यालयहरुको अनुगमन गरी विद्यालयहरुको सर्वाङ्गिण विकासको लागि विद्यालयलाई निर्देशन दिने ।

(५) उपनियम (४) बमोजिम दिइएको निर्देशन पालना नगर्ने विद्यालयका सम्बन्धित पदाधिकारीहरुलाई पहिलो पटकमा सचेत गराउने

(६) उपनियम (५) बमोजिम सचेत गराउदा पनि लापारवाही गर्ने पदाधिकारीलाई विभागीय कारवाहीको लागि तोकिएको अधिकारीलाई निर्देशन दिने ।

**१०८.विद्यालयको वर्गीकरण :**

१) सामाजिक विकास समितिको सिफारीसमा कार्यपालिकाले स्वीकृत गरेको मापदण्ड र सूचकका आधारमा विद्यालयहरुलाई क, ख, ग र घ गरी चार वर्गमा वर्गीकरण गरिने छ । वर्गीकरणका आधारमा सिकाइउपलब्धी हेरी थप अनुदान प्रदान गरिनेछ ।

२) विद्यालयले लिने शुल्क र प्राप्त गर्ने थप अनुदानको लागि विद्यालय वर्गीकरणलाई प्रमुख आधार बनाइनेछ ।

३) विद्यालय वर्गीकरणका लागि देहाय बमोजिमको उपसमिति गठन गरिनेछ

(क) सामाजिक विकास समितिको संयोजक - संयोजक

(ख) गाउँपालिकाको शिक्षक महासंघको अध्यक्ष वा निजले तोकेको महासंघको प्रतिनिधि -सदस्य

(ग) सम्बन्धित स्रोतकेन्द्रको स्रोतव्यक्ति -सदस्य

(घ) गाउँ शिक्षा अधिकारी -सदस्य सचिव

४) समितिका पदाधिकारीहरुको सुविधा कार्यपालिकाले तोके बमोजिम हुनेछ । समितिको शिक्षा नियमावली समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

**१०९.** गाउँ शिक्षा विकास कोषको रकम खर्च कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

**११०. संशोधन गर्न सकिने :** कार्यपालिकाले आवश्यक परेको बेला यो शिक्षा नियमावली संशोधन गर्न सक्नेछ ।

**१११.खारेजी र बचाउ :** (१) शिक्षा नियमावली २०५९ बमोजिम भए गरेका काम कारवाही यस शिक्षा नियमावली बमोजिम भए गरेको मानिनेछ ।

**अनुसूची-१**

**(नियम ३(१) र १८(१) सँग सम्बन्धित)**

विद्यालय खोल्ने अनुमतीको लागि दिइने निवेदन

